तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ७/०७८/०७९ (११७) मिति २०७८/०९/२८ गते

प्रस्तावहरुः

१. वडा नं.-१४ स्थित सरकारी जग्गा लुम्बिनी प्रदेश कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको माग बमोजिम प्रदेश स्तरीय पुनर्स्थापना गृह निर्माणको लागि प्रचलित कानून बमोजिम जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने सम्बन्धमा ।

२. आ.व.०७९/०८० को लागि संघीय सरकार र प्रदेश सरकारको समपूरक तथा विशेष योजनाहरु छनौट सम्बन्धमा ।

३. तिलोत्तमा नगरपालिकालाई वातावरणमैत्री स्थानीय शासन को रुपमा विकास गराउने सम्बन्धमा ।

४. भ्यूटावर निर्माणको VO स्वीकृत सम्बन्धमा ।

५. स्थानीय पाठ्यपुस्तक कक्षा १ देखि ५ कक्षा सम्मको सामुदायिक तथा संस्थागत विद्यालयका लागि पुस्तक छपाई सम्बन्धमा ।

६. ३ ओटा विद्यालयलाई बस खरिदको लागि रकम विनियोजन सम्बन्धमा ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रमको बेरोजगारको अन्तिम सूची प्रकाशन सम्बन्धमा ।

८. योजना संशोधन/परिवर्तन सम्बन्धमा ।

९. आ.व. २०७८/०७९ को सि.नं. ३०१०-१ को बजेट सम्बन्धमा ।

१०. नगरसभाको मिति तय सम्बन्धमा ।

११. नगरस्तरीय Covid Crisis Management Centre (CCMC) बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

१२. विविध ।

क) विद्यालय नर्सको म्याद थप सम्बन्धमा ।

ख) मौसमी कृषक कामदार माग सम्बन्धमा ।

ग) ग्राभेल सम्याएको रकम भुक्तानी सम्बन्धमा ।

घ) तिलोत्तमा लगानी सम्मेलन-२०७६मा प्रयोग भएको निजी गाडी भाडाको दुर्घटनाबाट भएको क्षर्तिपूर्ती सम्बन्धमा ।

ङ) शोक प्रस्ताव सम्बन्धमा ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

## निर्णयहरु

निर्णय नं.-१

- कानून, महिला, बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, लुम्बिनी प्रदेश सरकारको मिति २०७८/०९/१४ गतेको पत्रानुसार एसियाली विकास बैंकको सहयोगमा निर्माण हुने प्रदेश स्तरीय पुनर्स्थापना गृह भवन निर्माण कार्यको लागि जग्गा सम्बन्धित निकायमा सिफारिस गरिदिने प्रयोजनको लागि लेखि आएकोमा यस नगरपालिका वडा नं.-१४ (साविक टिकुलीगढ गा.वि.स. वडा नं.-३ख) स्थित कि.नं. १३१ क्षेत्रफल १७ विगाहा १० कट्ठा १६ धुर मध्येबाट ३ विगाहा सो मन्त्रालयको माग भए बमोजिम वडा कार्यालयको सिफारिस अनुसार सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिती, २०७१ लगायत अन्य प्रचलित कानून बमोजिम जग्गा लिजमा लिने प्रयोजनको लागि नेपाल सरकार मन्त्रीपरिषद् समक्ष सिफारिस गर्न जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

आ.व.०७९/०८० को लागि संघीय सरकार समपूरक अनुदान र विशेष अनुदानका देहायक आयोजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।

| संघीय समपुरक अनुदान : | | |
|---|---|---|
| क्र.स. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १ | भलवारी पश्चिम तिनाउ सडक मर्मत | वडा नं.-६ |
| २ | सितापुर-वेहुली-रामापुर हुँदै बरौलिया सडक निर्माण | वडा नं.-१६ र १७ |
| ३ | शिवपुर देखि हरैया-करैया डाँडा हुँदै अष्ट्रिच फर्म सम्म सडक स्तरोन्नती | वडा नं.-८ |
| ४ | ड्राइभरटोल शिवपुर सडक मर्मत | वडा नं.-१ र ८ |
| ५ | वडा नं. ५ र ९ को सिमानाको बाटो टिकाभवन चोक देखि शंखरपुर छ लेन सडक सम्म दुवैतर्फ नाली सहित सडक निर्माण | वडा नं.-५ र ९ |
| संघीय विशेष अनुदान | | |
| १ | तिलोत्तमा कृषि उपज संकलन तथा शित भण्डार निर्माण | वडा नं.-१७ |
| २ | तिलोत्तमा जलबाटीका पूर्वाधार निर्माण | वडा नं.-७ |
| ३ | उमा आधारभूत विद्यालय पूर्वाधार निर्माण | वडा नं.-६ |
| ४ | गौतमबुद्ध मा.वि. पूर्वाधार निर्माण | वडा नं.-९ |

आ.व.०७९/०८० को लागि प्रदेश सरकार समपूरक अनुदान र विशेष अनुदानका देहायक आयोजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।

| प्रदेश समपूरक अनुदान | | |
|---|---|---|
| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १ | नयाँमिल दुर्गा मन्दिर पूर्व सडक मर्मत (निर्माण) | वडा नं.-१ |
| २ | कैलाशपथ हुँदै तुल्सिपुर सम्म सिचाई कुलो निर्माण | वडा नं.-५ |
| ३ | भलवारी देखि पूर्व जहदा सडक निमार्ण मर्मत | वडा नं.-७ |
| ४ | गंगोलिया डमरभरवा सडक निर्माण | वडा नं.-१७ |
| ५ | गणेशपुर हाटबजार हुँदै वडा नं.-१३, १४ जाने सडक निर्माण | वडा नं.-६,१३ र १४ |
| ६ | चादनी मार्ग सडक मर्मत | वडा नं.-४ |
| ७ | सिटी कलेज पश्चिम जाने सडक विस्तार | वडा नं.-१४ |
| प्रदेश विशेष अनुदान | | |
| १ | शंकरनगर स्वास्थ्य चौकी अधुरो भवन निर्माण | वडा नं.-२ |
| २ | जनता मा.वि. पूर्वाधार निर्माण | वडा नं.-१३ |
| ३ | शिवपुर मा.वि. पूर्वाधार निर्माण | वडा नं.-११ |
| ४ | जनभावना मा.वि. पूर्वाधार निर्माण | वडा नं.-८ |

निर्णय नं.-३

- यस नगरपालिकालाई बातावरणमैत्री स्थानीय शासन (EFLG) को रुपमा विकास गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नीति, निर्देशिकामा आधारित रही कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत गराउने निर्णय गरियो ।

निर्णय नं.-४

- वडा नं.-२ मा अवस्थित शंकरनगर पार्कमा निर्माणाधिन भ्यूटावर निर्माणको लागि संझौता भएको कूल बजेटमा कुनै थप नहुने गरी निर्माण व्यवसायी प्राकृतिक निर्माण सेवा प्रा.लि.ले पेश गरेको आईटमवाईज VO स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

- कक्षा १ देखि ५ कक्षा सम्मका स्थानीय पाठ्यपुस्तकहरु नगरपालिकाको आन्तरिक स्रोतबाट छपाई गरी सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि निशुल्क वितरण गर्ने र संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नगरपालिकाबाट पुस्तक विक्रेता मार्फत  विक्री वितरण गरी सो वापत प्राप्त रकम नगरपालिकामा दाखिला

गराउने साथै संस्थागत तर्फको पुस्तकको शुल्क निर्धारण गर्ने जिम्मेवारी नगर शिक्षा समितिलाई दिने निर्णय गरियो ।

निर्णय नं.-६

- यस नगरपालिकाभित्र संचालित तपसिल बमोजिमका सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यालय बस खरिद तथा इन्धन व्यवस्थापनका लागि तपसिल अनुसारको रकम अनुदान स्वरुप उपलब्ध गराउन आगामी नगरसभामा विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | बस खरिद अनुदान रकम | इन्धन व्यवस्थापन |
|---|---|---|---|
| १ | शान्ति नमूना मा.वि., तिलोत्तमा-५ | १० लाख | १ लाख |
| २ | सेमरा बजार मा.वि., तिलोत्तमा-७ | १० लाख | १ लाख |
| ३ | टिकुलीगढ मा.वि., तिलोत्तमा-१४ | १० लाख | १ लाख |

निर्णय नं.-७

- आ. व. २०७८/०७९ का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि १७ वटै वडा कार्यालयमा संकलन भएका निवेदनहरु वडा कार्यालयबाट प्रारम्भिक छानविन गरी वडा समितिको सिफारिस सहित रोजगार सेवा केन्द्रमा आएका र रोजगार सेवा केन्द्रले आवश्यक कागजपत्रहरुका साथ पूर्ण विवरण भरेका निवेदनहरु छानविन गर्दा २३८ जना व्यक्ति न्यूनतम रोजगारीको लागि बेरोजगार व्यक्तिहरुको सूचीमा सूचीकृत हुन योग्य देखिएकाले बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को दफा ६ बमोजिम स्थानीय निर्देशक समिति द्वारा उक्त सूचीको बारे छलफल गरी २३८ जना बेरोजगार व्यक्तिहरुको अन्तिम सूची स्वीकृतिको लागि दफा ७ बमोजिम कार्यपालिका बैठकमा प्रस्ताव पेश भएकोमा दफा ८ बमोजिम उक्त सूची स्वीकृत गर्नुका साथै स्वीकृत सूची रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी प्राथमिकताक्रम निर्धारणका लागि रोजगार सेवा केन्द्रलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-८

- चालु आ.व.०७८/०७९ को नगर विकास योजनामा देहाय बमोजिंमका योजनाहरु वडा कार्यालयबाट प्राप्त पत्रहरुको आधारमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वडा नं. | नगर विकास योजनामा भएको नाम | योजनाको संशोधित नाम |
|---|---|---|---|
| १ | ६ | १०२०-६ कुञ्जपार्क पोखरीमा स्टिमर खरिद | कुञ्जपार्कमा २ थान सेड निर्माण |
| २ | | २०६०-१९२ संगम पथ कालोपत्रे | संगम पथ कालोपत्रे मर्मत |
| ३ | | ३०१०-२०० झरन पथ कालोपत्रे | झरन पथ कालोपत्रे मर्मत |
| ४ | | ३०२०-३थारु जागरण आमा समूह अधुरो | थारु जागरण आमा समूहको अधुरो |

| | | | |
|---|---|---|---|
| | | ट्रस निर्माण | भवन प्लाष्टर गराउने |
| ५ | | ३०१०-१९२ सुन्दर बस्ती मार्ग देखि पशुपती क्षेत्रको घरसम्म कालोपत्रे | सडकको दुवै तर्फ सार्वजनिक जग्गा परेको हुँदा नगरपालिका कार्यालयबाटै योजना कार्यान्वय गरिदिनुहुन । |
| ६ | | अध्ययन अवलोकन भ्रमणको रकम | दक्षिण टोला सामाजिक भवन ट्रस निर्माण |
| ७ | ३ | ३०१०-४५ पचभैया पथ कालोपत्रे | पचभैया पथ कर्ल्भट |
| ८ | | ३०१०-४६ लुम्बिनी पथ कालोपत्रे | लुम्बिनी पथ कर्ल्भट |
| ९ | | ३०१०-४७ लालिगुरास पथ कालोपत्रे | लालिगुरास पथ कर्ल्भट |
| १० | | ३०१०-४८ तेजज्ञान पथ कालोपत्रे | तेजज्ञान पथ कर्ल्भट |
| ११ | | ४०१०-१ सूचना प्रविधि कार्यक्रम | शान्ति पथ सडक मर्मत रु.१ लाख |
| १२ | | | बुटवल पब्लिक देखि लुम्बिनी दुधडेरी सम्म सडक मर्मत १ लाख |
| १३ | | २०६०-५ युवाहरुको संयुक्त रुपमा रचनात्मक कार्यक्रम संचालन | सुनौलो युवा क्लव मार्फत सुनौलो नगर मूल सडकमा सडक बत्ती जडान ७५ हजार |
| १४ | | | सिमानगर बस्तीभित्र सडक बत्ती ७५ हजार |
| १५ | | १०२०-३ पर्यटन पूर्वाधार व्यवस्थापन | कुशल पथ कालोपत्रे |
| १६ | १३ | मोक्षधाम बनकट्टी सडक ठेक्का नं.४०/०७७/०७८ लाई ६लाख ५० हजार मर्मत संभार कोषबाट भुक्तानी दिने । | |
| १७ | ४ | ३०१०-११५ मिलन पथ कालोपत्रे | मिलन पथ कालोपत्रे सडक मर्मत |
| १८ | ८ | ३०१०-२५२ विन्धवासिनी मन्दिर माथिल्लो सुस्पुरा देखि वडा नं.-७को सिमाना सम्म कालोपत्रे | विन्धवासिनी मन्दिर माथिल्लो सुस्पुरा देखि वडा नं.-७को सिमाना सम्म स्टयाण्डर्ड ग्राभेल |
| १९ | | २०७०-१२ महिला, बालवालिका गरिब उत्पिडन मजदुर प्रोत्साहन कार्यक्रम | दलित, विपन्न श्रमिक महिलालाई साईकल वितरण कार्यक्रम |
| २० | ९ | २०७०-१३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखिकरण तालिम | कृषकलाई मागको आधारमा कृषि सिचाई बोरिङ्ग ३ लाख |
| २१ | | | डि.एम.सि.क्लव अगाडी नाली निर्माण ५० हजार |
| २२ | | | सिप तथा व्यवसायिक तालिम २ लाख |

| | | | |
|---|---|---|---|
| | | | ५० हजार |
| २३ | | ३०१०-२६७ गौतमबुद्ध ए ब्लक कालोपत्रे | भावना पथ सडक कालोपत्रे (६०/४०) ३ लाख ८० हजार |
| २४ | | ३०१०-१५९ नन्दन पथ सडक कालोपत्रे | शान्ति पथ कालोपत्रे |
| २५ | ५ | ३०१०-१५५ शालिकराम पथ सडक कालोपत्र | छहारी पथ सडक कालोपत्रे |

निर्णय नं.-९

- तिलोत्तमा नगरपालिकाको नगर विकास योजना ०७८/०७९ को बजेट शीर्षक नं.३०१०-१ मा कार्यापालिका सदस्यहरुमार्फत हुने पुजिगत रकम रु.४८००००/-लाई वडा समितिको सिफारिस बमोजिम योजना तथा कार्यक्रम संझौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.-१०

- तिलोत्तमा नगरपालिकाको एघारौ नगरसभा मिति २०७८/१०/२१ गते दिउसो २ बजे आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.-११

मिति २०७८/०९/२५ गते बसेको नगरस्तरीय Covid Crisis Management Centre (CCMC) बैठकका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१) नेपाल सरकारद्वारा जारी गरिएको जनस्वास्थ्य मापदण्ड तथा सुरक्षा मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गरी (माक्स, सेनेटाइजर) अनिवार्य प्रयोग गर्ने/गराउने ।

२) नगरक्षेत्रभित्र कोरोना ओमिक्रोन भाईरस (कोभिड-१९) को संक्रमण समुदायस्तरमा बढ्न नदिन सचेतनामुलक, प्रतिरोधात्मक एवम् स्वास्थ्य प्रवर्द्धनात्मक उपायहरु अवलम्बन गर्न संचार माध्यम, रेडियो एवम् माइकिङ्ग मार्फत समुदायस्तरमा सचेतना अभियान वडा र टोल विकास संस्थामार्फत सुचारु गर्ने ।

३) तिलोत्तमा नगरपालिका, वडा नं.-९, केउलानीमा अस्थायी कोरोना अस्पतालको रुपमा संचालित अतिथि गृह तथा सभाहललाई थप स्तरोन्नती गरी स्वास्थ्यकर्मी लगायत आवश्यक जनशक्तिको पूर्व व्यवस्थापन गर्नुका साथै सेन्टर अक्सिजन चेक जाच एवम् एम्बुलेन्स मर्मत लगायतका कार्यहरु गरी तयारी अवस्थामा राख्ने । आवश्यकता अनुसार माक्स स्यानिटाइजर खरिद गरी व्यवस्थापन गर्ने । सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा समेत स्यानीटाइजरको व्यवस्था गर्ने ।

४) कोरोना ओमिक्रोन भाईरस (कोभिड-१९) सम्बन्धमा स्वास्थ्य विज्ञद्धारा वडाध्यक्ष, स्वास्थ्य इन्चार्ज एवम् सम्पूर्ण टोल विकास संस्थाका अध्यक्षहरुले जानकारी लिई जनसमुदायलाई सचेत गराउन एक कार्यक्रम गर्ने र उक्त कार्यक्रमको व्यवस्थापन स्वास्थ्य शाखा र वातावरण शाखाले गर्ने र सोको समन्वय नगर प्रवक्ताले गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

५) नगरक्षेत्रभित्र कोरोना जोखिमको आकलन गर्न विभिन्न स्थानहरुमा नमूना संकलन तथा परीक्षण गर्ने ।

६) मुलुक बाहिरबाट आएका व्यक्तिहरुको पहिचान, परीक्षण गरी संक्रमितहरुलाई होम आइसोलेसनमा बस्न अनुरोध गर्ने ।

७) कोरोना संक्रमण पश्चात जनप्रतिनिधी, क्रियाशिल राजनैतिक दल, स्वास्थ्यकर्मी, संघसंस्था, कर्मचारी, सुरक्षाकर्मी लगायतको पहलमा कोरोना विरुद्धको खोप लगाउने कार्यमा सहजिकरण गर्ने सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.-१२ विविध (क)

- यस कार्यालयमा अन्तर्गत करारमा कार्यरत तपसिलमा उल्लेखित विद्यालय नर्सहरुको सेवा करारको म्याद २०७८ पुस मसान्तमा समाप्त भएको हुँदा २०७९ असार मसान्त सम्म (६ महिनाको लागि) साविककै सेवा सुविधा कायम हुने गरी करार सेवाको म्याद थप गरी सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | मञ्जु कुमारी न्यौपाने | विद्यालय नर्स |
| २ | गरिमा लामिछाने | विद्यालय नर्स |
| ३ | प्रतिष्ठा तिवारी | विद्यालय नर्स |
| ४ | प्रतिमा अधिकारी आचार्य | विद्यालय नर्स |
| ५ | मुना ज्ञवाली | विद्यालय नर्स |
| ६ | विद्या पन्थी | विद्यालय नर्स |
| ७ | दुर्गा सुनार खाती | विद्यालय नर्स |
| ८ | पुनम खत्री (के.सी.) | विद्यालय नर्स |
| ९ | सारिका श्रेष्ठ थापा | विद्यालय नर्स |
| १० | सिर्जना पाण्डे | विद्यालय नर्स |
| ११ | अप्सना जि.सी. | विद्यालय नर्स |
| १२ | सन्जु रोका | विद्यालय नर्स |

निर्णय नं.-१२ विविध (ख)

- कोरियाको विभिन्न स्थानमा कृषि खेती गर्न मौसमी कामदार माग भई आएकोले यस नगरपालिकाबाट केही कृषकहरुलाई पठाउने निर्णय गरियो ।

निर्णय नं.-१२ विविध (ग)

- आ.व. २०७७/०७८ को नदिजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनको क्रममा जफत गरी व्यवस्थापनको लागि टेण्डर आव्हान गरिएकोमा उक्त ठेक्का मार्फत विभिन्न वडाका सडकहरुमा मिस्कट खसालिएको भएता पनि मिस्कट, सम्याउने, मिलाउने कार्य नगरी

कार्यको उद्देश्य पूरा नहुने हुँदा ढुवानी गरिएको मिस्कट सम्याउने, मिलाउने कार्य सम्बन्धित वडाको आकस्मिक पूर्वाधार निर्माण शीर्षकबाट वडा कार्यालयको सिफारिस र नगरपालिकाको प्राविधिक प्रतिवेदनको आधारमा अधिकतम एक लाख नबढ्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-१२ विविध (घ)

- तिलोत्तमा लगानी सम्मेलन-२०७६ को प्रचार-प्रसारको सिलिसिलामा प्रदेश नं.-१ र २ को भ्रमणको क्रममा सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकामा भएको दुर्घटनामा यस कार्यालयले सवारी धनी श्री सोहन प्रसाद थारु गाडी नं. लु १६ च २२३५ भाडामा लिएकोमा गाडी भाडा सम्झौता अनुसार "भवितव्य परी सवारी साधन दुर्घटना भई क्षतिपूर्ती भएको अवस्थामा उक्त सवारी धनीले नियमानुसार विमा रकम प्राप्त गर्नुपर्नेछ र बिमा रकमले पनि क्षतिपूर्ति अपुग भएको अवस्थामा संघीय तथा प्रदेशिक सरकारी कार्यालयको मेकानिकल ईन्जिनियर मार्फत क्षती मूल्याङ्कन गराई विमा रकमबाट प्राप्त रकम कट्टा गरी बाँकी हुन आएको रकम मात्र थप भुक्तानी गर्न सकिनेछ " भनी उल्लेख भएकोले सोही अनुसार यस कार्यालयको अनुरोध अनुसार संघीय तथा प्रादेशिक कार्यालयको कम्तिमा अधिकृत स्तरको मेकानिकल इन्जिनियबाट सोको राषकट्टी गरी निकालिएको Scrap Value र क्षतिको बिमा रकम कट्टा गरी बाँकी हुन आउने मूल्याङ्कन रकम मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-१२ विविध (ङ)

- तिलोत्तमा नगरपालिकाका नगरकार्यपालिका सदस्य श्री संगिता गुरुङ्गज्यूकी सासुआमा श्री बिवा गुरुङ्गको ८१ वर्षको उमेरमा मिति २०७८/०९/२३ गते भएको असामयिक निधनले तिलोत्तमा नगरपालिका स्तब्ध भएको छ । यस दुःखद घडीमा स्वर्गिय बिवा गुरुङ्गप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै नगर कार्यपालिका बैठक शोक प्रस्ताव पारित गर्दछ ।

वासुदेव घिमिरे
नगर प्रमुख